# राष्ट्रिय सूचना आयोग

## काठमाडौं

## बैठक नं.२२९(२) १६४

## मिति २०७६।०१।१५

राष्ट्रिय सूचना आयोगको दुईसय उनान्तीऔं बैठक राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँसकोटाज्यूको अध्यक्षतामा आज मिति २०७६।०१।१५ गते आइतवार बिहान ९:३० वजे देहायका पदाधिकारीहरुको उपस्थितिमा देवीनगर, बानेश्वर स्थित आयोगको कार्यालयमा बसी देहाय वमोजिमको विषयमा छलफल गरी देहाय वमोजिमको निर्णय भयो :-

**उपस्थिति:**

| | |
|---|---|
| श्री कृष्णहरि बाँसकोटा | -प्रमुख सूचना आयुक्त |
| श्री किरणकुमार पोखरेल | - सूचना आयुक्त |
| श्री यशोदादेवी तिम्सिना | - सूचना आयुक्त |

**आयोगको तर्फबाट**

| | |
|---|---|
| श्री मणिराम ओझा | - सचिव |
| श्री बाबुराजा श्रेष्ठ | - उपसचिव |
| श्री बाबुराम पाण्डे | - उपसचिव |
| श्री सुभाष न्यौपाने | -शाखा अधिकृत |
| श्री नारायण प्रसाद अधिकारी | - लेखापाल |

# राष्ट्रिय सूचना आयोग

काठमाडौं

वैठक नं २२९(२)।६४
मिति २०७६।०१।१५

**निर्णय**

१. आगामी २०७६ बैशाख २२ गते आईतबारका दिन राष्ट्रिय सूचना आयोगको एघारौं स्थापना दिवस निम्न कार्यक्रम सहित भव्यताका साथ सम्पन्न गर्ने :

(क) उक्तदिन बिहान ७:०० बजे रत्नपार्क पेट्रोल पम्प, बागबजार, पुतलीसडक,अनामनगरहुँदै आयोग परिसरसम्म प्रभातफेरी गर्ने ।

(ख) प्रभातफेरी कार्यक्रममा केन्द्रीय निकाय, मन्त्रालय, विभाग ,जिल्ला प्रशासन कार्यालय काठमाडौं,ललितपुर र भक्तपुरका सूचना अधिकारीहरु,क्याम्पसका बिद्यार्थीहरु, सूचनाका हकका अभियन्ता,संचारकर्मी, सुरक्षाकर्मी र आयोगका कर्मचारीहरु गरी करिब ३०० जना सहभागी गराउने ।

(ग) उक्तदिन दिउंसो २:०० बजे देखी ३:०० बजे सम्म जलपान कार्यक्रमको आयोजना गर्ने । जस्मा माननीय मन्त्रीज्यूहरु, राज्यमन्त्रीज्यूहरु, संबैधानिक निकायका प्रमुखज्यूहरु, सचिवज्यूहरु, महानिर्देशकज्यूहरु, तालीमकेन्द्रका प्रमुखज्यूहरु, उपत्यका भित्रका प्रमुख जिल्ला अधिकारीज्यहरू, सूचनाका हकका अभियन्ताहरु, संचारकर्मीहरु,सेना,प्रहरी,सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र आयोगका कर्मचारीहरु समेत गरी जम्मा ३९० जनालाई आमन्त्रण गर्ने ।

(घ) उक्त कार्यक्रमको निमन्त्रणा कार्ड, व्यानर (जलपान र प्रभातफेरी), प्लेकार्ड, मेनु र टिसर्ट नमुना तथा सहभागीहरुको बिबरण समेत स्विकृत भयो ।

अन्य बिबिध विषयमा छलफल भयो ।

# राष्ट्रिय सूचना आयोग

# काठमाडौं

# बैठक नं.२३०(२) १६५

# मिति २०७६।०१।२३

राष्ट्रिय सूचना आयोगको दुईसय तीसऔं बैठक राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँसकोटाज्यूको अध्यक्षतामा आज मिति २०७६।०१।२३ गते सोमबार बिहान ९:३० बजे देहायका पदाधिकारीहरुको उपस्थितिमा देवीनगर, बानेश्वर स्थित आयोगको कार्यालयमा वसी देहाय वमोजिमको विषयमा छलफल गरी देहाय वमोजिमको निर्णय भयो :-

**उपस्थिति:**

श्री कृष्णहरि बाँसकोटा -प्रमुख सूचना आयुक्त

श्री किरणकुमार पोखरेल - सूचना आयुक्त

श्री यशोदादेवी तिम्सिना - सूचना आयुक्त

**आयोगको तर्फबाट**

श्री मणिराम ओभा - सचिव

श्री सुशील ढकाल - सहसचिव

श्री बाबुराम पाण्डे - उपसचिव

**छलफल**

१. राष्ट्रिय सूचना आयोगको स्थापना दिवसको समीक्षा सम्वन्धमा ।

२. आयोगको आ.व. २०७४।०७५ को वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्री के.पि. शर्मा ओलीज्यू समक्ष पेश गरिएको सम्बन्धमा ।

३. सूचनाको हक कार्यान्वयनको परीक्षण २०७६ (RTI Audit)का लागि मापदण्ड तयार गर्ने सम्वन्धमा

४.अन्य विविध विषय ।

निर्णयः

१. मिति २०७६ बैशाख २२ गते राष्ट्रिय सूचना आयोगको स्थापना दिवसको समीक्षा गरियो । स्थापना दिवसमा बिहान ठिक ७:३० वजे बागवजार, पुतलीसडक हुँदै अनामनगरबाट देवीनगर आयोगको कार्यालयसम्म प्रभातफेरी कार्यक्रम तथा दिउँसो २ वजे देखि ३ वजेसम्म संचालन भएको चियापान कार्यक्रममा नेपाल सरकारका मा.मन्त्रीज्यू, संवैधानिक निकायका मा. प्रमुखज्यूहरु, मा.पदाधिकारीज्यूहरु, मुख्य रजिष्ट्ररज्यू, सचिवज्यूहरु, विशिष्ट श्रेणीका पदाधिकारीजयूहरु, सुरक्षा निकायका प्रमुखज्यू एवं प्रतिनिधिज्यूहरु, सूचना अधिकारीज्यूहरु, संचारकर्मी, सूचनाका अभियान्ता लगायत अन्य गन्यमान्य व्यक्ति तथा महानुभावहरुको उपस्थिति उल्लेखनीय रही सक्रिय सहभागितासमेत रहेकाले कार्यक्रम भव्यताका साथ सु-सम्पन्न भएको निष्कर्ष रहयो ।

२ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २५ बमोजिम राष्ट्रिय सूचना आयोगको आ.व.२०७४।०७५ को वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूसमक्ष मिति २०७६।०१।२२ गते अपरान्ह ४.४५ वजे प्रधानमन्त्री निवास वालुवाटारमा प्रस्तुत गरियो । सो कार्यक्रममा आयोगका तर्फवाट प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँसकोटा, सूचना आयुक्त श्री किरणकुमार पोखरेल, सूचना आयुक्त श्री यशोदादेवी तिम्सिना , सचिव श्री मणिराम ओझा, सहसचिव श्री सुशील ढकाल, उपसचिव श्री बाबुराजा श्रेष्ठ, उपसचिव श्री बाबुराम पाण्डे, शाखा अधिकृत श्री सुभाष न्यौपाने, शाखा अधिकृत श्री इन्द्र प्रसाद चापागाई, शाखा अधिकृत श्री प्रमीता शर्मा, शाखा अधिकृत श्री सन्ध्या सिग्देल, ना.सु.श्री मोहन वहादुर वुढाथोकी र लेखापाल श्री नारायण प्रसाद अधिकारीको उपस्थिति रहयो । उक्त अवसरमा आयोगका प्रमुख आयुक्त श्री कृष्णहरि बाँसकोटाले आयोगको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष पुष्पगुच्छा तथा आयोगको Token of Love दिनुहुँदै आयोगको कार्य प्रगतिको र वार्षिक प्रतिवेदनको सम्वन्धमा छोटकरीमा विवरण प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा सम्माननीय प्रधानमन्त्रीज्यूवाट सूचनाको हकबाट नै निश्पक्षता र पारदर्शीता हुने तथा यसवाट सुशासन पनि कायम हुने उल्लेख गर्दै सूचनाको हकको कार्यान्वयनमा सरकार प्रतिवद्ध भएको बताउनु हुँदै कतिपय छानविनका विषय तथा अपरिपक्क निर्णयको सूचना असमयमै सार्वजनिक गर्दा त्यसले समाजमा पार्ने नकारात्मक प्रभाव बारे आयोगले विचार पुऱ्याउन सुझाव दिनुभयो । आयोगले सरकारको कामकारवाहीको जानकारी तल्लो निकाय वा लक्षितवर्गसम्म पुऱ्याउन एउटा सहुलियत र सुविधा पुस्तिका प्रकाशन गर्नसमेत उहाँले ध्यानाकर्षण गराउनु भएको थियो ।

३. सूचनाको हक कार्यान्वयनको परीक्षण २०७६ (RTI Audit) गर्ने, परीक्षणका मापदण्डहरु परिमार्जन गर्ने र परीक्षण गर्न आयोगका पूर्व आयुक्तज्यूहरु, पूर्व सचिवज्यूहरु, पत्रकार महासंघका पूर्व अध्यक्षज्यूहरु लगायतको सूची तयार गर्ने निर्णय गरियो ।

४. अन्य विविध विषयमा छलफल भयो ।

# राष्ट्रिय सूचना आयोग

## काठमाडौं

## बैठक नं.२३१(२) १६६

## मिति २०७६।०३।०४

राष्ट्रिय सूचना आयोगको दुईसय एकतीसऔं बैठक राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटाज्यूको अध्यक्षतामा आज मिति २०७६।०३।०४ गते बुधबार बिहान ९:३० वजे देहायका पदाधिकारीहरुको उपस्थितिमा देवीनगर, बानेश्वर स्थित आयोगको कार्यालयमा बसी देहाय वमोजिमको विषयमा छलफल गरी देहाय वमोजिमको निर्णय भयो :-

**उपस्थिति:**

| | |
|---|---|
| श्री कृष्णहरि बाँस्कोटा | -प्रमुख सूचना आयुक्त |
| श्री किरणकुमार पोखरेल | - सूचना आयुक्त |
| श्री यशोदादेवी तिम्सिना | - सूचना आयुक्त |

**आयोगको तर्फबाट**

| | |
|---|---|
| श्री मणिराम ओझा | - सचिव |
| श्री सुशील ढकाल | - सहसचिव |
| श्री बाबुराम पाण्डे | - उपसचिव |
| श्री बाबुराजा श्रेष्ठ | - उपसचिव |
| श्री नारायण प्रसाद अधिकारी | - लेखापाल |

**छलफल**

१. नेपाल वार एसोशिएसनसंग सम्पन्न सूचनाकोहक सम्वन्धी कार्यक्रमको समीक्षा सम्वन्धमा ।

२. सोलुखुम्बु, जाजरकोट, रामेछाप, तेह्रथुम, कपिलवस्तु,बर्दिया, धनकुटा, रुपन्देही, झापाको धुलावारी र भद्रपूर, सप्तरी, वैतडी र वझाङ्गमा स्थानीय निकायका पदाधिकारी, नागरिक समाज, कानून व्यवसायी, पत्रकार, कार्यालय प्रमुख र सूचना अधिकारीलगायत संग भएको सूचनाको हकसम्वन्धी अर्न्तक्रिया कार्यक्रमको समीक्षा सम्वन्धमा ।

३. सुनसरी, सिराहा र नवलपरासी सुस्ता पूर्व र सुस्ता पश्चिमका मा.वि.मा सूचनाको हकसम्वन्धी सचेतना अभिवृद्धि कार्यक्रमको समीक्षा सम्वन्धमा ।

४. उच्च अदालत पाटन र विशेष अदालतका माननीय न्यायाधीशज्यूहरुसंग मिति २०७६।०३।०६ र ०७ गते गर्न लागिएको सूचनाको हकसम्वन्धी अन्तर्क्रिया कार्यक्रमको तयारी सम्वन्धमा ।

५. विविध ।

**निर्णयः**

१. राष्ट्रिय सूचना आयोगद्धारा नेपाल वार एसोशिएसनका पदाधिकारी र सदस्यहरुका लागि मिति २०७६।०२।०३ र ०४ मा संचालन गरिएको सूचनाको हक सम्वन्धी अन्तरर्किया कार्यकमको समीक्षा गरियो । कार्यक्रममा सहभागीहरुको उपस्थिति उल्लेखनीय रही सक्रिय सहभागिता समेत रहेकाले कार्यक्रम भव्यताका साथ सु-सम्पन्न भएको निष्कर्ष रह्यो ।

२. देहायका जिल्लामा देहायका मितिमा देहाय बमोजिमको कार्यक्रम गरिएकोमा सवै अर्न्तक्रिया कार्यक्रमको समीक्षा गर्दा कार्यक्रममा सहभागीहरुको उपस्थिति उल्लेखनीय रही सक्रिय सहभागिता समेत रहेकाले कार्यक्रम भव्यताका साथ सु-सम्पन्न भएको निष्कर्ष रह्यो ।

| क.सं. | मिति | जिल्ला | कार्यक्रमको नाम |
|---|---|---|---|
| १ | २०७६।०१।२८ | सोलुखुम्वु | सूचनाको हकसम्वन्धी अन्तरर्किया कार्यकम |
| २ | २०७६।०१।२९ | जाजरकोट | सूचनाको हकसम्वन्धी अन्तरर्किया कार्यकम |
| ३ | २०७६।०१।३० | रामेछाप | सूचनाको हकसम्वन्धी अन्तरर्किया कार्यकम |
| ४ | २०७६।०२।०६ | कपिलवस्तु | सूचनाको हकसम्वन्धी अन्तरर्किया कार्यकम |
| ५ | २०७६।०२।७ | तेह्रथुम | सूचनाको हकसम्वन्धी अन्तरर्किया कार्यकम |
| ६ | २०७६।०२।०७ | बर्दिया, | सूचनाको हकसम्वन्धी अन्तरर्किया कार्यकम |
| ७ | २०७६।०२।०९ | धनकुटा | सूचनाको हकसम्वन्धी अन्तरर्किया कार्यकम |
| ८ | २०७६।०२।१७ | रुपन्देही | सूचनाको हकसम्वन्धी अन्तरर्किया कार्यकम |
| ९ | २०७६।०२।२३ | झापाको धुलाबारी | माग पक्षसंग सूचनाको हकसम्वन्धी अन्तरर्किया कार्यकम |
| १० | २०७६।०२।२४ | भद्रपूर | आपूर्ति पक्षसंग सूचनाको हकसम्वन्धी अन्तरर्किया कार्यकम |
| ११ | २०७६।०२।२६ | सप्तरी | सूचनाको हकसम्वन्धी अन्तरर्किया कार्यकम |
| १२ | २०७६।०२।३१ | वैतडी | सूचनाको हकसम्वन्धी अन्तरर्किया कार्यकम |
| १३ | २०७६।०३।०१ | वझाङ्ग | सूचनाको हकसम्वन्धी अन्तरर्किया कार्यकम |

३. देहायका जिल्लाको देहायका विद्यालयमा देहायका मितिमा विद्यालयमा सूचनाको हकसम्वन्धी सचेतना अभवृद्धि कार्यक्रम गरिएकोमा सो कार्यक्रमको समीक्षा गर्दा कार्यक्रममा शिक्षक, अविभावक र विद्यार्थीहरुको उपस्थिति उल्लेखनीय रही सक्रिय सहभागिता समेत रहेकाले कार्यक्रम भव्यताकासाथ सु-सम्पन्न भएको निष्कर्ष रह्यो :-

| क्र.स. | मिति | जिल्ला | विद्यालयको नाम |
|---|---|---|---|
| १ | २०७६।०२।१३ | सिराहा | लक्ष्मण ललिता कुशवहा मा.वि.,लाहान |
| २ | २०७६।०२।१४ | सुनसरी | सरस्वती मा.वि., इटहरी |
| ३ | २०७६।०२।३१ | नवलपुर | भीमसेन आदर्श मा.वि., दलदले |
| ४. | २०७६।०३।०१ | परासी | त्रिभूवन मा.वि., वेलाटारी |

४. उच्च अदालत पाटन र विशेष अदालतका माननीय न्यायाधीशज्यूहरुसंग मिति २०७६।०३।०६ र ०७ गते गर्न लागिएको सूचनाको हकसम्वन्धी अन्तर्क्रिया कार्यक्रमको संयोजन गर्न राष्ट्रिय न्यायिक प्रतिष्ठानलाई अनुरोध गर्ने ।

५. अन्य विविध विषयमा छलफल भयो ।

राष्ट्रिय सूचना आयोग

काठमाडौं

बैठक नं.२३२(२) १६७

मिति २०७६।०३।२७

राष्ट्रिय सूचना आयोगको दुईसय बत्तीसऔं बैठक राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटाज्यूको अध्यक्षतामा आज मिति २०७६।०३।२७ गते शुक्रवार बिहान ९:३० वजे देहायका पदाधिकारीहरुको उपस्थितिमा देवीनगर, बानेश्वर स्थित आयोगको कार्यालयमा बसी देहाय वमोजिमको विषयमा छलफल गरी देहाय वमोजिमको निर्णय भयो :-

**उपस्थिति:**

| | |
|---|---|
| श्री कृष्णहरि बाँस्कोटा | -प्रमुख सूचना आयुक्त |
| श्री किरणकुमार पोखरेल | - सूचना आयुक्त |
| श्री यशोदादेवी तिम्सिना | - सूचना आयुक्त |

**आयोगको तर्फबाट**

| | |
|---|---|
| श्री मणिराम ओझा | - सचिव |
| श्री सुशील ढकाल | - सहसचिव |
| श्री बाबुराम पाण्डे | - उपसचिव |
| श्री बाबुराजा श्रेष्ठ | - उपसचिव |
| श्री नारायण प्रसाद अधिकारी | - लेखापाल |
| श्री गौरव गुरुङ्ग | -कम्प्यूटर अपरेटर |

**छलफल**

१. उच्च अदालत पाटन र विशेष अदालतका माननीय न्यायाधीशज्यूहरुसंग मिति २०७६।०३।०६ र ०७ गते धुलिखेलमा गरिएको सूचनाको हकसम्वन्धी अन्तर्क्रिया कार्यक्रमको समीक्षा सम्वन्धमा ।

२. मिति २०७६।०३।२० गते काठमाडौंको छैमलेमा संचालन गरिएको कर्मचारी क्षमता अभिबृद्धि कार्यक्रमको समीक्षा सम्वन्धमा ।

३. मिति २०७६।०३।२३ गते बिराटनगरमा गरिएको संचारकर्मी संग सूचनाको हकसम्वन्धी अन्तर्क्रिया कार्यक्रमको समीक्षा सम्वन्धमा ।

४. विविध ।

निर्णय:

१. राष्ट्रिय सूचना आयोगद्वारा उच्च अदालत पाटन र विशेष अदालतका देहाय वमोजिमका माननीय न्यायाधीशज्यूहरुसँग मिति २०७६।०३।०६ र ०७ गते धुलिखेलमा गरिएको सूचनाको हकसम्वन्धी अन्तरर्क्रिया कार्यक्रमको समीक्षा गरियो। कार्यक्रममा सहभागीहरुको उपस्थिति उल्लेखनीय रही सक्रिय सहभागितासमेत रहेकाले कार्यक्रम भव्यताका साथ सु-सम्पन्न भएको निष्कर्ष रह्यो :-

| क. सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १. | माननीय श्री नरेन्द्रकुमार शिवाकोटी | न्यायाधीश | उच्च अदालत पाटन |
| २. | माननीय श्री बाबुराम रेग्मी | न्यायाधीश | विशेष अदालत |
| ३. | माननीय श्री किशोर सिलवाल | न्यायाधीश | उच्च अदालत पाटन |
| ४. | माननीय श्री मुहम्मद साविर हुसेन | न्यायाधीश | उच्च अदालत पाटन |
| ५. | माननीय श्री द्वारिकामान जोशी | न्यायाधीश | विशेष अदालत |
| ६. | माननीय श्री गुणराज ढुंगेल | न्यायाधीश | उच्च अदालत पाटन |
| ७. | माननीय श्री प्रभा बस्नेत | न्यायाधीश | उच्च अदालत पाटन |
| ८. | माननीय श्री केशवराज जोशी | न्यायाधीश | उच्च अदालत पाटन |
| ९. | माननीय श्री रमेशबहादुर थापा | न्यायाधीश | उच्च अदालत पाटन |
| १०. | माननीय श्री प्रमोदकुमार श्रेष्ठ बैद्य | न्यायाधीश | विशेष अदालत |
| ११. | माननीय श्री रमेशप्रसाद राजभण्डारी | न्यायाधीश | उच्च अदालत पाटन |
| १२. | माननीय श्री टेकप्रसाद ढुङ्गाना | न्यायाधीश | उच्च अदालत पाटन |
| १३. | माननीय श्री यज्ञराज भट्ट | न्यायाधीश | उच्च अदालत पाटन |
| १४. | माननीय श्री रामप्रसाद ओली | न्यायाधीश | उच्च अदालत पाटन |
| १५. | माननीय श्री रमेशकुमार पोखरेल | न्यायाधीश | उच्च अदालत पाटन |
| १६. | माननीय श्री अग्नीप्रसाद थपलिया | न्यायाधीश | उच्च अदालत पाटन |
| १७. | माननीय श्री कृष्णलाल भट्टराई | न्यायाधीश | उच्च अदालत पाटन |
| १८. | माननीय श्री विष्णुप्रसाद कोइराला | न्यायाधीश | उच्च अदालत पाटन |
| १९. | माननीय श्री चिन्तामणी बराल | न्यायाधीश | उच्च अदालत पाटन |
| २०. | माननीय श्री ठाकुरप्रसाद शर्मा पौडेल | न्यायाधीश | उच्च अदालत पाटन |
| २१. | माननीय श्री कृष्णबहादुर थापा | न्यायाधीश | उच्च अदालत पाटन |
| २२. | माननीय श्री अच्यूतप्रसाद भण्डारी | न्यायाधीश | उच्च अदालत पाटन |
| २३. | माननीय श्री टेकनारायण कुँवर | न्यायाधीश | उच्च अदालत पाटन |
| २४ | माननीय श्री नातिबाबु लामिछाने | न्यायाधीश | उच्च अदालत पाटन |
| २५. | माननीय श्री बासुदेव आचार्य | न्यायाधीश | उच्च अदालत पाटन |
| २६. | माननीय श्री शान्ता सेढाँई सापकोटा | न्यायाधीश | उच्च अदालत पाटन |
| २७. | माननीय श्री किरण पौडेल | न्यायाधीश | उच्च अदालत पाटन |
| २८. | माननीय श्री जगतबहादुर थापा | न्यायाधीश | उच्च अदालत पाटन |
| २९. | माननीय श्री सरलाकुमारी पाण्डे | न्यायाधीश | उच्च अदालत पाटन |

२. मिति २०७६।०३।२० गते काठमाडौंको छैमलेमा संचालन गरिएको कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रमको समीक्षा गर्दा कार्यक्रममा प्रशिक्षकका रुपमा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटा, सूचना आयुक्त श्री किंरणकुमार पोखरेल, सूचना आयुक्त श्री यशोदादेवी तिम्सिना, सचिव श्री मणिराम ओभा ,सहसचिव श्री सुशील ढकाल, ब्रह्मकुमारी राजयोग सेवा केन्द्रका

बह्मकुमार रामसिंह ऐर र ज्योति कुमार श्रेष्ठसमेत रहनु भएको थियो कार्यक्रममा सहभागी कर्मचारीहरुको उपस्थिति उल्लेखनीय रही सक्रिय सहभागिता समेत रहेकाले क्षमता अभिवृद्धि कार्यक्रम उपलब्धीमूलक रहेको निष्कर्ष रह्यो ।

३. राष्ट्रिय सूचना आयोगद्वारा मिति २०७६।०३।२३ गते बिराटनगरमा गरिएको संचारकर्मीसँग सूचनाको हकसम्बन्धी अन्तर्क्रिया कार्यकमको समीक्षा गरियो । कार्यक्रममा पत्रकार महासंघ मोरङका अध्यक्ष श्री बन्धु पोखरेल र पत्रकार महासंघ प्रदेश नं. १ का महासचिव श्री विवेक गौतमलगायत बिराटनगरका संचारकर्मीहरुको उपस्थिति थियो । उक्त अन्तर्क्रिया कार्यकममा सहभागीहरुको उपस्थिति उल्लेखनीय रही सक्रिय सहभागितासमेत रहेकाले कार्यक्रम उपलब्धीपूर्ण भएको निष्कर्ष रह्यो ।

४. अन्य विविध विषयमा छलफल भयो ।

# राष्ट्रिय सूचना आयोग

## काठमाडौं

## बैठक नं. २३३(२) १६८

## मिति २०७६।०४।१६

राष्ट्रिय सूचना आयोगको दुईसय तेत्तीसऔं बैठक राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटाज्यूको अध्यक्षतामा आज मिति २०७६।०४।१६ गते बुधवार बिहान ९:३० वजे देहायका पदाधिकारीहरुको उपस्थितिमा देवीनगर, बानेश्वर स्थित आयोगको कार्यालयमा बसी देहाय वमोजिमको विषयमा छलफल गरी देहाय वमोजिमको निर्णय भयो :-

**उपस्थिति:**

| | |
|---|---|
| श्री कृष्णहरि बाँस्कोटा | -प्रमुख सूचना आयुक्त |
| श्री किरणकुमार पोखरेल | - सूचना आयुक्त |
| श्री यशोदादेवी तिम्सिना | - सूचना आयुक्त |

**आयोगको तर्फबाट**

| | |
|---|---|
| श्री मणिराम ओझा | - सचिव |
| श्री सुशील ढकाल | - सहसचिव |
| श्री बाबुराम पाण्डे | - उपसचिव |
| श्री बाबुराजा श्रेष्ठ | - उपसचिव |
| श्री नारायण प्रसाद अधिकारी | - लेखापाल |
| श्री गौरव गुंरुङ्ग | -कम्प्यूटर अपरेटर |

**बैठकमा छलफल हुने बिषयहरू :**

१. गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजनबाट सूचनाको हकसम्वन्धी जानकारीमूलक सन्देश प्रकाशन, प्रशारण गर्ने समिति गठन सम्वन्धमा ।

२. आ, ब, २०७५/७६ को बार्षिक समीक्षा गर्ने सम्बन्धमा ।

३. चालु आ. ब. २०७६/७७ को बार्षिक कार्यक्रमको जानकारी सम्बन्धमा ।

४. इलजास सञ्चालन सम्बन्धी निर्देशिका, २०७५ संशोधन सम्बन्धमा ।

५. विविध

निर्णयः

१. गोरखापत्र दैनिक, रेडियो नेपाल र नेपाल टेलिभिजनबाट सूचनाको हकसम्बन्धी जानकारीमूलक सन्देश प्रकाशन, प्रशारण गर्ने सम्वन्धमा आवश्यक गृहकार्य गर्ने प्रयोजनका लागि निम्न बमोजिमको समिति गठन गर्ने :-

क. गोरखापत्र दैनिकबाट सूचनाको हकसम्बन्धी जानकारीमूलक सन्देश प्रकाशन गर्न:-

(१) प्रमुख सूचना आयुक्त............................... संयोजक

(२) सचिव.................................................. सदस्य

(३) सहसचिव.............................................. सदस्य

(४) उपसचिव(योजना शाखा)............................ सदस्य

(५) गोरखापत्र संस्थानका प्रतिनिधि...................... सदस्य

(५) संयोजकले तोकेको आयोगको अधिकृत...... सदस्य-सचिव

ख. रेडियो नेपालबाट सूचनाको हकसम्बन्धी जानकारीमूलक कार्यक्रम प्रशारण गर्न:-

(१) सूचना आयुक्त श्री किरण कुमार पोखरेल.........संयोजक

(२). सचिव..................................................सदस्य

(३) सहसचिव...............................................सदस्य

(४) उपसचिव(योजना शाखा)..............................सदस्य

(५) रेडियो नेपालका प्रतिनिधि................................सदस्य

(५) संयोजकले तोकेको आयोगको अधिकृत.............सदस्य-सचिव

ग. नेपाल टेलिभिजनबाट सूचनाको हकसम्बन्धी जानकारीमूलक कार्यक्रम प्रशारण गर्न:-

(१) सूचना आयुक्त श्री यशोदादेवी तिम्सिना ..........संयोजक

(२). सचिव..................................................सदस्य

(३) सहसचिव...............................................सदस्य

(४) उपसचिव(योजना शाखा)..............................सदस्य

(५) नेपाल टेलिभिजनका प्रतिनिधि...........................सदस्य

(५) संयोजकले तोकेको आयोगको अधिकृत...............सदस्य-सचिव ।

२. आ. ब. २०७५/७६ को बार्षिक कार्यक्रमको समिक्षा गर्दा भौतिक लक्ष्य शत प्रतिशत हासिल भएको, वेरुजु ९९. ९९ फरछ्यौट भएको, मुलुकका ७ वटै प्रदेशका महानगर, उपमहानगर र

नगरपालिकाका प्रमुख/उपप्रमुख तथा गाउँपालिकाका, अध्यक्ष, उपाध्यक्ष तथा प्रशासकीय प्रमुखहरूसँग भएको देशव्यापी अन्तरक्रिया, राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका केन्द्रीय नेताहरू तथा तिनका भातृ भगीनी संस्थाहरूसँग भएको अभिमुखिकरण कार्यक्रम, उच्च अदालत तथा विशेष अदालतका माननीय न्यायाधीशहरूसँग पटक/पटक भएका अन्तर्क्रिया, कानून व्यवसायीसँगको अन्तरक्रिया, पत्रकारहरूलाई प्रदान गरिएको प्रशिक्षक प्रशिक्षण तथा प्रशिक्षण कार्यक्रम, कार्यालय प्रमुख र सूचना अधिकारीसँगको अभिमुखिकरण कार्यक्रमलगायत सम्पूर्ण अन्तरक्रिया कार्यक्रमहरू, विद्यालयमा गरिएको अभिमुखीकरण कार्यक्रमहरू उपलव्धीमूलक देखिएकोले यसमा खुसी प्रकट गर्दै आयोगको तर्फवाट आयोगका सचिव, सहसचिव लगायतका सम्पूर्ण कर्मचारी टिमलाई धन्यवाद दिने ।

३. चालु आ. ब. २०७६/७७ को बार्षिक कार्यकमका सम्वन्धमा आयोगका सचिव श्री मणिराम ओझावाट नेपाल सरकारवाट स्वीकृत वार्षिक कार्यक्रमको विस्तृत जानकारी गराउनु भएको थियो । जानकारी पश्चात बजेटका सम्वन्धमा वुँदागत छलफल गरी आगामी वर्षको कार्यक्रम सकेसम्म जेष्ठ महिना भित्रनै सम्पन्न गर्ने गरी कार्य गर्न सचिवालयलाई निर्देशन दिने ।

४. इलजास सञ्चालनसम्बन्धी निर्देशिका, २०७५ प्रतिस्थापन गर्ने गरी ल्याइएको इलजास सञ्चालन तथा पेसी व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७६ को प्रारम्भिक मस्यौदामा छलफल भयो । छलफलवाट आएको सुझाव समेत मिलाई आगामी वैठकमा पेश गर्न निर्देशन दिने ।

५. अन्य विविध विषयमा छलफल भयो ।